अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्वन्धित)

चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या १ मिति : २०८१/०२/०१

भाग -२

चन्द्रपुर नगरपालिका

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा/ईकाईको काम कर्तव्य र अधिकार २०८१

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०८१/०१/१३

प्रमाणित मिति : २०८१/०१/१४

चन्द्रपुर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य गर्न जिम्मेवारी र अधिकार सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाईको व्यवस्था गरी लै.स.सा.स. मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने साथै लै.स.सा.स. सुनिश्चितताको लागि सूचकमा आधारित अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन गर्दै कार्य प्रभावकारीता ल्याउन र नेतृत्वदायी भुमिका अवलम्बन गर्न वान्छनीय भएकाले चन्द्रपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाईको काम कर्तव्य अधिकार तर्जुमा गरेको छ।

Scanned with CamScanner

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा/ईकाईको काम कर्तव्य र अधिकार २०८१**

द्रपुर नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य गर्न म्मेवारी र अधिकार सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाईको व्यवस्था गरेको छ। यस काईको काम कर्तव्य र जिम्मेवारी निम्नानुसार रहेका छन्ः

- यस पालिकाको संस्थागत व्यवस्था, सेवा प्रवाह र कार्य वातावरणमा लैंङ्गिक उत्तरदायी र समावेशी शासन प्रवर्द्धन गर्न आवश्यक सल्लाह र सहयोग गर्ने तथा ती सम्वद्ध कार्य गर्न समिति वा कार्यदल गठन गरी सोको सचिवालयका रुपमा कार्य गर्ने,
- लै.स.सा.स. मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने साथै लैससास सुनिश्चितताको लागि सूचकमा आधारित अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन गर्दै कार्य प्रभावकारीता ल्याउन र नेतृत्वदायी भुमिका अवलम्बन गर्न कार्य विवरण र अधिकार सहितको लै.स.सा.स. सम्पर्क व्यक्तिको व्यवस्था मिलाउने,
- पालिकाले तर्जुमा गर्ने नीति, ऐन, कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजना, पाश्र्वचित्र र अन्य प्रकाशन वा दस्तावेजमा लैससासका विषयवस्तुहरु समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक विषयवस्तुमा सल्लाह–सुझाव दिनुका साथै प्राविधिक सहयोग गर्ने
- पालिकाको खण्डिकृत तथ्यांक व्यवस्थापन गर्न र समय–समयमा अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने
- पालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या विश्लेषण गरी प्रमाण र तथ्याङ्कका आधारमा लैंङ्गिकतामा आधारित विभेद, हिंसा, विपन्नता र गरिवीको समस्या समाधान गर्न लैङ्गिक उत्तरदायी योजना तथा बजेट बनाउन प्राविधिक सहयोग गर्ने,
- पालिकाको योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदाय र व्यक्तिहरु सम्बन्धित विकासका कार्यक्रमहरु समावेशी, पहुँच र लाभ वितरणमा सुनिश्चित बनाउन नेतृत्वदायी भुमिका निर्वाह गर्ने,
- पालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति तर्जुमा वा समीक्षा गरी अद्यावधिक गर्ने र सो अनुरुप कार्य गर्न लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यविधि र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने /गराउने,
- बहुपक्षिय सरोकारवाला, निकाय तथा कार्यालयहरुसंग कार्यगत समन्वय कायम गरी लैससास मूलप्रवाहीकरण नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- पालिकामा लैससास मूलप्रवाहीकरण गर्न आवश्यक मानविय संसाधनको विकास गर्न क्षमता विकास कार्य योजना बनाई कार्य गर्ने/गराउने,

Scanned with CamScanner

- पालिकाका नीति तथा कायक्रमको कार्यान्चयनमा प्रभावकारिता ल्याउन आवश्यक प्राविधिक सहयोग, अनुगमन तथा मूल्यांकन गर्ने गराउने, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लै.स.सा.स. लेखाजोखा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- पालिकामा आवधिक तथा बार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्न बजेट बाँडफाँट, खर्चको लेखाजोखा, अनुगमन तथा मूल्यांकन प्रणाली लैङ्गिक मैत्री, बालबालिका मैत्री, अपाङ्ग मैत्री एवम् समावेशी भए–नभएको अध्ययन तथा विश्लेषणबाट प्राप्त नतिजा मध्ये कमजोर पक्षमा सुधार ल्याउन नियमित रुपमा सम्बन्धित शाखा वा ईकाईलाई प्राविधिक सहयोग प्रदान गर्नुका साथै निरन्तर सल्लाह–सुझाव प्रदान गर्ने,
- माथि उल्लेखित कार्यहरु गर्न क्रियाकलाप र बजेट सहितको स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने।

**आज्ञाले**

किरण निधी तिवारी

प्रमुख प्रशासकीय अधिकृत

किरण निधि तिवारी

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner